जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३४ अंक ८ २०८१ साल साउन ९ गते बुधबार (24 July 2024 Wednesday) मूल्य रु. ५/-






*यस अंक भित्र :* २ पृष्ठमा : धनीले कसरी खेल्छन् पैसाको.. ३ पृष्ठमा : राष्ट्रपति पदका लागि पार्टीबाट ... ३ पृष्ठमा भारतले नेपाललाई ७..

## जयमाला मृत्यु प्रकरण
# "दुई महिना बितिसक्दा पनि घटनाको सत्यतथ्य पत्ता लगाउन प्रहरीले सक्रियता देखाएन्"

**दैनिक समाचारदाता**
**राजविराज, ८ साउन ।**

सप्तरीको कंचनरुप नगरपालिका ८ की ५६ वर्षिया जयमाला गुप्ताको पहिचान खुल्न नसकेको मोटरसाईकलको ठक्करबाट मृत्यु भएको दुई महिना बितिसक्दा पनि घटनाको सत्यतथ्य पत्ता लगाउन प्रहरीले सक्रियता नदेखाएको मृतकका छोराले गुनासो गरेका छन् ।




मृतक महिलाको जेठो छोरा डा. तुलाकृष्ण गुप्ताले मंगलवार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी दोषी पत्ता लगाइ कारवाहीको माग गरेका छन ।

उनका अनुसार गत जेठ ९ गते नगरको नन्दलाल चौक नजिकै वेरियर क्षेत्रमा आयोजित धार्मिक समारोहमा सहभागी भई ४ वर्षिय नाती रियान्स संगै घर फर्कने क्रममा राती ८:३० बजे तिर नम्बर खुल्न नसकेको मोटरसाईकलले ठक्कर दिएको थियो ।

गम्भीर घाईते भएकी उनलाई उपचारका लागी राती नै विराटनगर पु¥याइ नोबेल अस्पतालमा भर्ना गरिएको थियो । उपचार कै क्रममा जेठ १५ गते आमाको निधन भएको छोरा डा.गुप्ताले बताए ।

मस्तिष्कमा गहिरो चोट लागेका कारण आमाको मृत्यु भएको उपचारमा संलग्न चिकित्सकहरुले बताएको र सोको रिर्पोटहरु पनि इलाका प्रहरी कार्यालय कंचनपुरमा बुझाइसकेको उनले बताए । जुम्ला स्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एशोसिएट प्रोफेसरको जिम्मेवारीमा समेत रहेका डा.गुप्ता विगत २ महिना देखि काममा फर्कन सकेका छैनन ।

आमाको मृत्युका कारक ब्यक्ती बारे पत्ता लगाई दिन भन्दै दिनहुँ प्रहरी प्रशासनमा दौडधुप गर्दै २ महिना वितेको उनले सुनाए । उनले घटनाका सम्बन्धमा सत्यतथ्य छानवीन गर्न र दोषि पत्ता लगाउन इलाका प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र तत्कालिन गृहमन्त्री रबीलामिछाने सम्म समेत पुगेको तर अनुन्धानको आश्वासन बाहेक केही पाउन नसकिएको गुनासो समेत पोखे ।

प्रहरीले गर्नू पर्ने काम आफुले गर्नु परिरहेको पीडा पोख्दै प्रत्यक्षदर्शीहरु खोज्ने र प्रहरीमा बयानका लागी पु¥याउने काम मै समय वित्ने गरको तर प्रहरीले आफ्नो स्तरबाट खासै सकृयता नदेखाएको उनको गुनासो छ ।

मृतक महिलाका देवर विश्वनाथले घट्नाको २ महिना

***बाँकी अन्तिम पृष्ठमा***

# ए, हजुर ! पत्रिका पढ्न कहाँ जाने ?

**सतिश कुमार**
**राजविराज, ८ साउन ।**

सुशिल कुमार दास, एक जना अवकाश प्राप्त शिक्षक । पहिले एका बिहानै राजविराजको सडकमा एक हाथमा दुधको पोका र अर्को हातमा पत्रिका लिएर सँधै भेटिन्थे । सानो तिनो भलाकुसारी पछि आधी-उधी खबर त उनी तत्क्षणै सुनाई दिन्थे तर, आजकाल उनी सडकमा कमै भेट्छन् । किन देखिनु हुन्न भन्ने खोतल्दै जाँदा कारण त पत्रिका पसल बन्द हुनु पो रहेछ ।

एकदिन अचाक्लै उनी सँग भेंट हुँदा सोधि हालें, "सर, आजकाल बाटो-घाटोमा देखिनु हुन्न त, कतै बाहिर तिर की कसो ?" साह्रै दुःखित मुद्रामा उनले सुनाए-"के गर्ने बाबु, अब सप्तरी रहने जसो भएन, पुराना जान्ने बुझ्ने जम्मै गई हाले, समय बिताउन वा ज्ञान-ध्यानको लागि यसो पढ्ने बानी थियो । गाउँ शहरका कुरा बुझ्ने माध्यम भनेको एउटा पत्रिका वा कुनै कुनै किताबहरु हुन्थ्यो त्यो कुने ठाउँ भनेको पत्रिका पसल हुन्थ्यो, त्यो पनि अब बन्दै भई हाल्यो । अनि के गर्न बिहान सडकमा निस्किनु ?"

उनले भनेको कुरो एउटा तितो सत्यको रुपमा राजविराजवासी सम्मुख उभिएको छ । देशमै कुनै समय बौद्धिक जिल्ला भनेर चिनिने सप्तरीको सदरमुकाम राजविराजमा शुरुमा एउटा पत्रिका पसल थियो । "पिपुल पुस्तक पसल" नामले तारानन्द यादव "बन्धुजी"द्वारा सञ्चालित सो पसलले स्थानीय स्तरमा प्रकाशन हुने पत्र-पत्रिकाका साथै राजधानीबाट प्रकाशित हुने गोरखापत्र, जनआस्था, नेपाली पत्रका साथै अन्य ठाउँहरुबाट प्रकाशित हुने दैनिक, साप्ताहिक र मासिक, प्रतियोगात्मक, सिनेमा र खेलका पत्र-पत्रिकाका साथै विभिन्न लेखकका पुस्तकहरु समेत त्रिक्रि बितरण गर्दथे । सो पसलको कारणले नगरवासीले बौद्धिक खुराक पाई रहेका थिए भने साँझ-बिहान त्यहाँ एक किसिमको घुईंचो लाग्दथ्यो जसले एक किसिमको सार्थक बहसको माहौल बन्दथ्यो । पछि "प्रबिणा न्यूज सेन्टर" र

***बाँकी तीन पृष्ठमा***

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**बिगत १६ वर्ष देखी संचालन हुदै आएको**

**ओभरसियरी क्याम्पस**

**( CTEVT बाट मान्यता प्राप्त )**

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**

**( ३ बर्षे )**

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०८१ श्रावण १३ गते सम्म ।

**सम्पर्क :**

**सफटेक इन्जिनियरिङ कलेज**

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

**CTEVT बाट मान्यता प्राप्त**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज**

**संचालित कार्यक्रमहरु**

**डिप्लोमा तह**

**H.A.** (सामान्य चिकित्सा)

अवधी : ३ वर्षे

**V-JTA** भेटनरी जे.टी.ए. १८ महिने

**P-JTA** बाली विज्ञान १८ महिने

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

फारम बितरण मिति : २०८१/३/१६ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०८१/४/१३ गतेसम्म
प्रवेश परिक्षा मिति : २०८१/४/१९ गते शनिबार
समय : बिहान ८ बजेदेखी (H.A.)
समय : दिउँसो १ बजेदेखी (V-JTA, P-JTA)

**आजै सम्पर्क गर्नुहोस्**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५३१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

# युवा बिदेशिने क्रमलाई न्युनिकरण गर्नु आवश्यक

अहिले मुलुकबाट दिनहुँ सयकडौं युवाहरु विदेश पलायन हुने क्रम जारि छ । चाहे त्यो रोजगारीको नाममा वा उच्च शिक्षा हासिल गर्ने नाममा किन नहोस् । हुन त मुलुक बेरोजगारी समस्याले जडो गाड्दै गएको अवस्थामा नेपालबाट दैनिकी सयौं यूवाहरु रोजगारीका लागि विदेशिनु परेको बाध्यता छ । मुलुकमा रोजगारीको अवसर सृजना हुन नसक्दा यो बाध्यतात्मक परिस्थिती आएको हो । आफ्नै देशमा सरकारले रोजगारीको अवस्था सृजना गर्न असक्षमता देखाउनुले मुलुकबाट युवाहरु दिनहु घट्दै गएका छन् ।

यस्तै उच्च शिक्षा हासिल गर्ने नाममा युवा विद्यार्थीहरु पनि विदेशिने क्रम बढ्दो छ । आफ्नै मुलुकमा उच्च शिक्षा हासिल गर्न सक्ने शिक्षाको व्यवस्था रहँदा रहँदै पनि विदेशिनु भनेको मुलुकको युवा जनशक्तिमा ह्रास हुनु हो । यूवा नेतृत्व यस्तो जमात हो जसले समाज परिवर्तनमा अहम भूमिका खेल्न सक्छ । कुनै पनि मुलुकको राजनीतिक, आर्थिक र सामाजिक परिवेशलाई परिवर्तन समेत गर्न सक्छ । यूवाहरुको जोश जागरका कारण कुनै पनि कार्यले सफलता पाउन सक्छ । यति मात्र नभएर मुलुकको विकासमा यूवाको अहम भूमिका हुन्छ ।

तसर्थ सक्दो आफ्नो मुलुकमै कुनै रोजगारीको अवस्था सृजना गर्नेतर्फ सबैको ध्यान पुग्नु आवश्यक छ भने आफ्नै मुलुकमा शिक्षा हासिल गरि स्थानीयस्तरमै शिक्षाको माध्यमबाट मुलुकको विकासमा टेवा पुऱ्याउने वातावरण बनाउनेतर्फ सम्बन्धित निकायको ध्यान पुग्नु उत्तिकै जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# धनीले कसरी खेल्छन् पैसाको खेल ?

**अचुतकुमार ओझा**
काठमाडौँ, ४ साउन (रासस) ।

अमेरिकाका लगानीकर्ता चार्ली मुकारले भनेका थिए, "मेरो लक्ष्य धनी हुनु होइन, मात्र आर्थिक स्वतन्त्रता पाउनु थियो तर म धनी हुन पुगेँ ।" यस भनाइका आधारमा हामीले हाम्रो लक्ष्य आर्थिक स्वतन्त्रता हो वा सुरक्षा निर्क्यौल गर्नु जरुरी छ । मुकारले जस्तै आफूभित्र भएका स्वतन्त्रताको सम्भावनालाई जगाऔँ । गरिब र मध्यम वर्गका हरेक व्यक्ति आर्थिक स्वतन्त्रताभन्दा सुरक्षाको खोजीमा हुन्छन् । विशेष गरेर लगानी, उद्यमशीलता तथा व्यवसायभन्दा रोजगारी र ज्यालामा बढी भरोसा मान्ने स्वभावका हुने गर्छन् ।

वास्तवमा तिनीहरू जेलाई सुरक्षित भनिरहेका छन् त्यो नै सबैभन्दा जोखिम हुने गर्छ । खासगरी नोकरीलाई जति मायाका साथ सुरक्षित ठानेका छन्, त्यो नै सबैभन्दा जोखिम हो । हाम्रा नीति, नियम र कानुनहरूलाई हेऱ्यो भने हामीले सुरक्षित ठानेको जागिरमा के कति जोखिम छ थाहा पाइहाल्छौँ । सम्झनुहोस् तपाईंले सबैभन्दा सुरक्षित ठानेको निजामती सेवा वा सरकारी संस्थानका नोकरीहरू किन असुरक्षित बन्न सक्छ ? तपाई शारीरिक वा मानसिक रूपमा अशक्त हुनु भयो भने नेपाल सरकारले के तपाईंलाई तलब दिइरहन सक्छ ? पक्कै सक्दैन । सामान्यतया ९० दिन बिनाजानकारी गयल हुनुभयो भने पत्रिकामा सूचना निकालेर नोकरीबाट बिदाइको प्रक्रिया सुरु हुनेछ । अझ निजी संस्थामा त्योभन्दा कम केही दिन वा हप्तामा नै जागिर हुनेछ । तर एउटा मध्यम परिवारका मान्छे त्यसैलाई सुरक्षित ठान्छ र 'धनी बुबा गरिब बुबा' पुस्तकका लेखक रोबर्ट टी. कियोसाकीले भने जस्तै 'मुसा दौड' मा आफूलाई बाँचुन्जेल दौडाइरहन्छ । धनीहरू यसैका लागि पैसाको खेल खेल्छन् तर गरिबहरू यसलाई बुझेर व्यावसायिक प्रणाली विकास गर्नुभन्दा तलब र पदोन्नतिका लागि बढी मरिहत्ते गर्छन् ।

'द प्याराबल अफ द पाइपलाइन' मा लेखक बर्क हेजेसले दुई पात्र पाब्लो र ब्रुनोको उदाहरण प्रस्तुत गर्दै एउटा सामान्य मान्छे कसरी धनी बन्न सक्छ ? कसरी आम्दानीको प्रणाली विकास गर्न सक्छ ? र कसरी सम्पत्ति सिर्जना गर्न सक्छ ? यसले कसरी धनी बनाउन सक्छ ? भनेर प्रस्तुत गरेका छन् । खासगरी ब्रुनो र पाब्लो एउटा गाउँमा बाल्टिनमा पानी बोकेर बेच्न तल्लीन रहन्छन् तर पाब्लो हाललाई ब्रुनोले भन्दा कम आम्दानी भए तापनि सँगै गाउँदेखि खोलासम्म पाइपलाइन बिच्छ्याउन थाल्छ तर जब 'पाइपलाइन' ओच्छ्याएर सफलता मिल्छ तब दीर्घकालमा ब्रुनोको भन्दा धेरै आम्दानी पाब्लोको हुन जान्छ । अर्थात् पाब्लोबाट ऊ 'पाब्लो द पाइपलाइन विल्डर म्यान' बन्न पुग्छ तर ब्रुनो 'बकेट क्यारियर' अर्थात् 'बकेट म्यान' नै भइरहन्छ । पाब्लो आर्थिक रूपमा स्वतन्त्र हुन पुग्छ, ऊ जाँदा वा नजाँदा, बिरामी हुँदा वा नहुँदा सबै अवस्थामा आम्दानी भइरहन्छ तर ब्रुनो आफैँले काम गर्दा मात्र आम्दानी हुन सक्ने अवस्थामा रहन्छ । सधैँ 'टाइम फर मनी ट्र्याप' मा परिराख्छ ।

धनीहरू सधैँ पाब्लो जस्तै पाइपलाइन बिच्छ्याउन रुचाउँछन् । उनीहरू जान्दछन् पाइपलाइन नै 'लाइफलाइन' हो । आर्थिक स्वतन्त्रताका लागि हरेकले आफ्नो आम्दानीको पाइपलाइन बनाउन आवश्यक छ । हरेक धनीसँग आफू जान चाहेको गन्तव्यको स्पष्ट मार्गचित्र हुने गर्दछ । गरिबहरू हावामा मुक्का हाने जस्तै जिन्दगीको बास्केटबलमा बिनाबास्केट 'स्कोर' गर्न खोज्छन्, अझ अगाडि बढेरभन्दा गोलपोष्टबिना नै फुटबलमा गोल गर्न रुचाउँछन् । यसले उनीहरूलाई उद्देश्यहीन र दिशाहीन यात्रामा बरालिदिन्छ तर धनीहरू सधैँ स्पष्ट 'ब्लुप्रिन्ट' बोकेर आफ्नो यात्रामा लम्कने गर्दछन् । सम्पत्तिका विषयमा हामी स्पष्ट हुन आवश्यक छ ।

### सिक्नका लागि काम गरौँ, कमाउनका लागि होइन

धनीहरूले पनि जागिर गर्नेगर्छन् तर कहिले त्यसैबाट आर्थिक स्वतन्त्रता पाउने विश्वास गर्दैनन् । केवल अनुभव, सीप, बचत र ज्ञान लिनका लागि रोजगारी गर्ने गर्छन् । उनीहरू नोकरीसँग त्यस्तो प्रेम गर्दैनन् जुन मध्यम परिवारकाले गर्ने गर्छन्, जसको भरोसामा जीविकोपार्जन र सेवानिवृत्त कुर्न सक्छन् तर धनीहरू कहिले आफ्नो समय पैसाका लागि बर्बाद गर्न तयार रहँदैनन् । उनीहरूलाई थाहा छ समय सीमित छ तर पैसा असीमित छ । १२ महिना काम गरेर केवल आठ महिनाको मात्रै पारिश्रमिक पाइन्छ, करिब ३० प्रतिशत अर्थात् चार महिनामाथिको ज्याला पहिला कर तिरेर भुक्तानी हुने महिना वारि वा पारि जान नदिने अभियानले मानिसको समृद्धि र सम्पन्नताको ढोका ढक्ढक्याउन सक्दैन । यसैले नोकरीभन्दा थप केही गर्न आवश्यक छ ।

### छुटको 'अफर'

धनीहरू पनि सेलमा खरिद गर्न रुचाउँछन् तर गरिबहरूले जस्तो दरबारमार्ग र महलहरूमा होइन । उनीहरूलाई थाहा छ, ती सेलहरूमा गरिएको खर्च कहिले फर्केर आउन सक्दैन । यसैले उनीहरू शेयर बजार, रियलस्टेट र प्रतिफलमुखी लगानीका क्षेत्रहरू जहाँ पैसा बनाउन सकिन्छ त्यस्तो स्थानमा सेल लाग्दा किन्न रुचाउँछन् । सबैभन्दा गम्भीर प्रश्न केहो भने 'वारेन्ट बफेट'ले भने जस्तै तिमी आफूलाई नचाहिने वस्तु जम्मा गरेर बस्छौँ भने त्यसको बदलामा चाहिने सामान छुट्ने छ । यसैले सेलमा जानुभन्दा पहिला त्यसलाई बुझ्ने कोशिस गरौँ ।

### पहिला आफूलाई भुक्तान गरौँ

एउटा सामान्य व्यक्ति त्यही गर्छ जो हामी गर्ने गर्छौं अर्थात् आम्दानीबाट सबैभन्दा पहिला खर्च, नपुगेमा कर्जा सापटी र त्यति गर्दा पनि पैसा नसकिएमा बल्ल आफूलाई भुक्तानी गर्ने आम मानिसको आदत हो । बेबिलानको 'सबैभन्दा धनी मानिस' पुस्तकमा लेखक जर्ज एस. क्लासनले खाली पर्स भर्ने सातवटा तरिका बताएका छन् । त्योमध्ये 'सबैभन्दा पहिला आफूलाई भुक्तान गर्नूहोस्" एक चर्चित तरिका हो ।

'हरेक बिहान १० वटा अण्डा बास्केटमा राख्नुभयो र साँझमा नौवटा मात्रै निकाल्न थाल्नुभयो भने त्यो बास्केट भरिन कति समय लाग्ला सजिलै अनुमान गर्न सकिन्छ । अर्थात् धनीहरूले १०/९० को त्यो सूत्र सिकेका छन् । यसैले सबैभन्दा पहिला जुनसुकै अवस्थामा पनि १० प्रतिशत आफूलाई भुक्तान गर्छन् अनि मात्रै बाँकी खर्च गर्ने गर्छन् ।' उनीहरू पैसालाई काममा कसरी लगाउने जान्दछन् । तर एउटा गरिब व्यक्ति आम्दानी बढेसँगै खर्च बढाउन थाल्छ, अनि खर्चलाई नियन्त्रण गर्न सक्दैन । यो नै सबैभन्दा महाभूल हो ।

### धनको अनौपचारिक शिक्षा पढौँ

स्कुल शिक्षा र भान्छाको टेबलमा हुने शिक्षाको तागत फरकफरक हुने गर्छ । राज्य र शिक्षा नीति नागरिकलाई आर्थिक स्वतन्त्रताभन्दा पैसाको दासत्व स्वीकार्न लगाउने प्रकृतिको छ । रोबर्ट टी कियोसाकीले भने जस्तै '९७ प्रतिशत मानिससँग भएको सम्पत्ति र तीन प्रतिशत धनीसँग भएको धनदौलत बराबर हुनुको एउटै कारण अनौपचारिक शिक्षा हो ।' उनको तर्क छ हरेक धनी व्यक्ति र सामान्य व्यक्तिले स्कूलमा लिएको शिक्षा समान छ तर उमेर बढ्दै जाँदा सम्पत्तिको मामलामा नतिजा किन फरक आउँछ ? कारण एउटै छ ती तीन प्रतिशत सम्भ्रान्त व्यक्तिले औपचारिक शिक्षाको साथ घरमा नै थप अनौपचारिक शिक्षा पाउन सफल भए । यसैको परिणाम धनको सम्बन्धमा अनौपचारिक शिक्षा पाउनेहरूले जागिरका लागि तयार पार्ने, लोकसेवाका लागि प्रोत्साहित गर्ने र पैसाको लागि मेहनत गर्न सिकाउने सीमित शिक्षा लिएकाहरूलाई काममा लगाएर आफू आर्थिक स्वतन्त्रता पाउन सफल भए ।

औपचारिक शिक्षाले हाम्रो सोच यसरी डोऱ्यायो कि दशैँको टीका लगाउँदा र जन्मोत्सव मनाउँदासमेत आफ्ना सन्ततिलाई आशीर्वाद दिँदा 'स्कूल जाऔँ, राम्रो नम्बर ल्याऔँ र सुरक्षित जागिर खोजौँ' भन्ने गर्छौं हामीले कहिले स्वीकार गरेनौँ । स्कूलमा त पैसाका बारेमा सिकाइ हुँदैन, बरु सबै समस्याको जड पैसालाई देखाइन्छ । जुनकुरा धनीहरूले बुझे र आफ्ना सन्तानहरूलाई पलङको सिरानीमा पल्टँदै गर्दा सिकाउन र थाले तर कमजोर परिवारकाले थाहा नै पाउन सकेका छैनन् । धनको जादुका लागि औपचारिक मात्र नभई अनौपचारिक शिक्षा मूल कुरा हुन आइपुगेको छ ।

### लगानीमा भिन्नता हेरौँ

धनीहरू घाँटीमाथि लगानी गर्ने गर्छन् । तालिम, शिक्षा र प्रशिक्षण दिएर आफ्नो दिमागी कसरत गरिरहन्छन् । एउटा धनसम्बन्धी सूत्रमा अभ्यस्त भएपछि फेरि नयाँ सूत्र सिक्न थाल्छन् । उनीहरूलाई के थाहा छ भने त्यो गरीब होस् वा धनी हरेक व्यक्ति पैसा आउने काम दोहोऱ्याएर गर्ने गर्छ । गरिबहरू मान्नुहोस् बिहान मन नभएर पनि एउटा सवारी चालक पैसाका लागि साधन लिएर सडकमा निस्कन्छ ।

अर्को जागिरे रातभर आफ्नो नोकरीलाई गाली गरेर पनि १० बजे कार्यालयमा पुग्न हतारिन्छ तर धनीहरू पनि पैसाका लागि एउटै काम बारम्बार गर्ने गर्छन् तर उनीहरू आफूलाई मन परेको काम गर्ने गर्छन् । यसका लागि उनीहरूमा सिक्ने क्रम तबसम्म चलिरहन्छ जबसम्म आफूमा निपूर्णता आउँदैन । उनीहरू सिक्न रमाउँछन् तर एउटा मध्यम परिवारको मानिस घाँटीभन्दा तल लगानी गर्न रुचाउँछ । आफूलाई सम्पन्न देखाउन ब्रान्डेड कपडा, जुत्ता र चस्मामा लगानी गर्छ । अझ साथी र छिमेकलाई देखाउनकै लागि ठूला घर र गाडीहरू खरिद गर्छ । कहिले फिर्ता नहुने दायित्व बनेर भरिएको पर्स रित्ताउन मात्रै लागिपर्छ । यसले प्रतिफल दिन सक्दैन जुन कुरा धनीहरूले बुझेका हुन्छन् ।

### प्रतिफल छिटो हुन सक्छ तर छोटो बाटो असम्भव

आफैँ अर्बपति बनेकाहरू हेनरी फोर्ड र थोमस एडिसनजस्ता दुई हजारभन्दा बढी सफल व्यक्तिका बारेमा २० वर्ष लगाएर अध्ययन गरी लेखिएको 'सोच्नुहोस् र धनी बन्नुहोस्' पुस्तकका लेखक नेपोलियन हिलले लेखेका छन्, "'गर्भे चिट्ठा' नपरेका अर्बपतिहरूले कहिले छोटो बाटोबाट आफूलाई स्थापित गर्न सकेनन् र छोटो बाटोको रुचि पनि राखेनन्, जब सफलता नजिक आएको थाहा पाए तब छिटो हुने उपाय भने खोजी गरेको देखियो ।" कैयौँ छिटो सफल पनि भए ।

स्वयं वारेन्ट बफेटलाई हेर्ने हो भने जीवनको आठ दशक लगानी गरेर उनले बनाएको सम्पत्ति यदि त्यसको आधा दशक मात्रै गरेर छोडिदिएका भए के आजको यो सम्पन्नता सम्भव थियो ? अवश्य थिएन । यसैले धनीहरूले कारोबारी भएरभन्दा व्यवसाय र उद्योग नै स्थापना गरी लामो समयको अन्तरालमा शेयर बेचेर धनी भएको देखिन्छ । शेयर किनेर मात्र नभई सम्पत्ति सिर्जना र त्यसको शेयर बेचेर धनी हुन जान्नु आवश्यक छ । तर गरिबहरू आजको केही दिन वा हप्तामा लगानी गरेको दोब्बर वा कैयौँ गुणा सम्पत्ति बढ्ने लोभमा लगानी गर्ने गर्छन्, त्यो लगानी र व्यवसायमा सम्भव छैन । त्यसका लागि चिट्ठा किन्नु उपयुक्त हुन्छ । यसैले बफेटले भने जस्तै 'लामो गतिमा दगुर्ने घोडामा बाजी लगाउनेहरूले कहिले हार्नु पर्दैन' । धनीहरूले त्यो जानेका हुन्छन् ।

समग्रमा धनीहरूले मानिसको दिमागमा संसार हल्लाउन आउने विचारलाई कसरी वस्तुमा परिवर्तन गर्न सकिन्छ निरन्तर सिकिरहेका हुन्छन् । नयाँ सोच विकास गर्न र विकास भएका सोचलाई धनमा बदल्न आफूलाई निरन्तर प्रशिक्षित गर्दै आएका छन् । पैसाको सिद्धान्त पढेर नभई अभ्यासबाट मात्रै सम्भव देखिन्छ । यसैले धनीहरू शून्यबाट एक हुन सम्पत्ति सिर्जनाका नयाँ खोजमा निरन्तर आफूलाई लगाइरहेको देखिन्छ । सम्पत्तिको परिभाषा फेरिएर 'टाइम इज मनी' को स्थानमा 'आइडिया इज मनी' हुन आइपुगेको छ । संसारका केही धनीलाई उदाहरणका रूपमा लिने हो भने एलन मक्सले विवाइडी इलेक्ट्रिक भेकल, जेब बेजोफले अनलाइन कारोबार अमेजन र जुर्कर वर्कले सामाजिक सञ्जाल फेसबुकमार्फत नयाँ सम्पत्ति सिर्जना गरेर विश्वमा राज गरिरहेका छन् । हाल एलन मक्स न्युरोलिङ्कमार्फत सम्पत्ति सिर्जना गर्न तल्लीन छन् ।

सबैभन्दा चाखलाग्दो विषय त आर्टिफिसियल इन्टेलिजेन्ट ( एआई), द्रुतगतिको इन्टरनेट र रोबर्टको विकास जस्ता आधुनिक प्रविधिले गर्दा हिजो पाँच/छ दशकमा जन्मने अर्बपति अहिले दुई/तीन वर्षमा सजिलै सम्भव बनेको छ, जुन अनुसन्धान र विकासमा धनीहरू निरन्तर छन् ।

*बाँकी तीन पृष्ठमा*

## ए, हजुर ! ...

"उपयोगी पुस्तक पसल"को नामले एक पछि अर्को पत्र-पत्रिकाको पसल खुले पछि नगरवासीलाई पत्र-पत्रिका पढ्नका साथै सार्थक बहसको पनि ठाउँ पुगेको थियो । पुस्तक र स्टेशनरी सम्बनधी अरु नि धेरै पसल यहाँ भए पनि पत्र-पत्रिकाको लागि यस नगरमा यही तिनवटा पसल नै थिए जहाँबाट दैनिक रुपमा नगरवासीले समाचारहरु प्राप्त गर्ने गर्दथे ।

पछिल्लो समयमा पहिले गोरखापत्रका अधिकृत बिक्रेता प्रेम अर्यालले सञ्चालन गरेको "प्रबिणा न्यूज सेन्टर" बन्द भयो र केही दिनको लागि गोरखापत्रका ग्राहकहरु बिचल्लीमा परेका थिए । पछि पुनः प्रबिणा न्युज सेन्टर अर्का व्यक्तिबाट संचालनमा आयो र अहिले गोरखापत्र सोही पसलबाट उपलब्ध हुन थाल्यो । तर अहिले गोरखापत्र प्रकाशन भएको एक दिन पछि आउन थालेपछि सो पसलमा पनि पत्रिका पढ्नेको कमी हुन थालेको छ ।

त्यसै गरी अन्नपूर्ण पोष्ट र नागरिक दैनिकका बिक्रेता रहेका उपयोगी पुस्तक पसलपनि गत आर्थिक बर्षमा बन्द भए पछि सबै पत्र-पत्रिकाका भार एक्लै पिपुल पस्तक पसलले वहन गर्दै आएका थिए । अब यसै बर्ष श्राबण १ गते देखि "पिपुल पुस्तक पसल" पनि बन्द भए पछि अब पत्र-पत्रिकाको लागि राजविराजवासीलाई कता जाने कता जाने भएको छ । लामो चलेको मधेश आन्दोलन र संकटग्रस्त रहेको माओवादीको जनयुद्धकाल र सशस्त्र आन्दोलन चलाई रहेका जनतान्त्रिक मुक्ति मोर्चाको बिगबिगी भएको समयमा पनि बन्द नभएका पत्रिका पसलहरु अहिले सामान्य भई रहेको हालातमा बन्द हुनाले सुशिल दास जस्ता बौद्धिक ग्राहकहरु आश्चर्यचकित भई अलमलमा परेका छन ।

बन्धुजीको निधन पछि पसलका सञ्चालक रहेका ज्योतिष कुमार यादव-"आजकलको समयमा घर-घरमा टेलिविजन र हात-हातमा मोबाइल रहेको छ । समाचार व्यक्तिले यी र यस्तै अन्य डिजिटल माध्यमबाट थाहा पाई हाल्छन, यस्तोमा प्रिन्ट पत्रिका पढने फुर्सद कसलाई छ र ?" भन्दै थप्छन,-"सबैलाई खबर भनेको तुरन्त चाहिन्छ, ईन्टरनेटको सुलभ पहुँच सबै सँग छ, अनलाईनमा सबै उपलब्ध छ । तसर्थ पत्रिका मात्रै होइन अरु किताबहरुको बिक्रि पनि साह्रै प्रभावित भएको छ,, त्यसैले पसल बन्द गर्नु परेको हो ।" पिपुल पुस्तक पसलका कर्मचारी रहेका ओमप्रकाश यादव भन्छन-"के गर्नु, अन्नपुर्णा पोष्ट र नागरिक दैनिकले पूर्वबाट प्रकाशन बन्द गरि दिएका छन, पत्रिकाहरु कम आउने भएको छ । स्थानीय पत्रिकाहरु धेरै मानिसले पढन कम गरि दिएका छन, यस्तोमा पसल चलाउनु गाह्रो भई रहेको छ, अनि बन्द नगर्नुको बिकल्पै रहेन ।"

पत्रिका पसल बन्द रहेको बुझेर कानून व्यवसायी रणधीर कुमार कर्ण भन्छन-"पत्रिका भनेको समाचार बुझ्न मात्रै नभई पुराना समाचार पत्रहरु अभिलेखको लागि पनि काम लाग्ने हुन्छ, यस्तोमा राजविराजमा पत्रिका पसल नरहनु दुर्भाग्यपूर्ण हो । यहाँ रहेको एकमात्र पुस्तकालय लेखनाथ आदर्श पुस्तकालय पनि नगरपालिकाले बन्द गरी दिएका छन, अब यहाँ कसैले अनुसन्धान तथा खोजका लागि पुराना पत्रिका वा कुनै पुस्तक खोज्नु परे कहाँ जानु ? यो दुर्भाग्यपूर्ण हो ।" राजनीतिकर्मी रहेका राष्ट्रिय मुक्ति क्रान्तिका अभियानी दिपेन्द्र कुमार चौधरी भन्छन-"पत्रिका पसल बन्द हुनु दुःखद हो । हाम्रो समाजमा यसै पनि पत्रिका पढने बानी मानिसमा कमै छ, यहीं छेऊ कै भारतको बिहारमा जानुस चिया र पानको दोकानमा पनि मानिसहरु पत्रिका पढि रहेका भेटिन्छन् तर हामी कहाँ छैन । यद्यपि पत्रिका पसल धेरै काम लाग्ने थलो हो, हामी राजनीतिकर्मी र समाजसेवीहरु पत्रिका पढने बहानामा पसलमा जान्थ्यौं र त्यहाँ रहनु हुनु बौद्धिक जमातसँग बहस छलफल पनि हुन्थ्यो जसले धेरै सार्थक निष्कर्ष पनि निकलन्थ्यो अब त्यस्तो अवसर नजुटने भयो ।"

"वास्तव मै पत्रिका पसल बेगरको नगर हुनु आजको समयमा अनौठो हो" भन्दै राजविराज दैनिक पत्रकिाका सम्पादक अनिलकुमार अनल भन्छन-"अब स्थानीय प्रेसबाट निस्किने पत्रिकाहरुको लागि चुनौती थपिने भयो, पत्रिका पसल बन्द हुनाले अब सबै भार बितरकहरुमै परेको छ उनीहरुले नै पत्रिका घर-घर पुऱ्याउने काम गर्नुपर्छ । स्थानीय पत्रिकाहरुको लागि अब पत्रिका बिक्री बितरण सहज नहुने भयो ।"

पत्रिका पसल बन्द भएर राजविराजको पहिचान गुम्ने यहाँका बुद्धिजीवि बताउँछन् । नगरपालिकाले पनि विकास निर्माणको काममा मात्र ध्यान दिएको तर बौद्धिक कार्यको लागि पालिका सङ्ग कुनै योजना नरहेको तर्क सँधै पत्रिका किनेर पढने बानी भएका सुशिल दास गुनासो गर्छन् ।

## धनीले कसरी ...

अर्कोतिर धनीहरू सधैं छिटोभन्दा छिटो आर्जित आय (तलब र ज्याला आदि) लाई निष्क्रिय आय (भाडा र ब्याज आदि) र पोर्टफोलियो आय (शेयर र बन्डलगायत कागजी सम्पत्ति आदि) मा रुपान्तरण गर्न सक्रिय रहने गर्छन् । उनीहरूले बुझेका हुन्छन्, आर्जित आयलाई जतिछिटो बिर्सन सकिन्छ र बाँकी दुई आयको आकार र क्षेत्र बढाउन सकिन्छ । 'फाइनान्सियल इनडिपेन्डेन्सी' पुस्तकमा लेखक ग्रेन्ट सबाटियरले भने जस्तै 'जीवनमा उति चाँडो आर्थिक स्वतन्त्रता र सेवा निवृत्ति लिन सम्भव छ' । यसैले हरेक व्यक्तिले आम्दानीको पाइपलाइन, सम्पत्ति सिर्जना र आय रुपान्तरण कला जान्न, सिक्न र आफ्ना बालबालिकालाई सिकाउन थालौं । धनीले कसरी खेल्छन् पैसाको खेल ? पढेर मात्रै पुग्दैन अलिकता अगाडि बढेर आफ्नो जीवनमा अभ्यास गरेर हेरौं । (लेखक शेयर बजारका जानकार हुनुहुन्छ)

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी, राजविराज**

मिति :-२०८१/०३/३०

**विषयः- ३५ दिने हकदावी सम्वन्धी सार्वजनिक सुचना ।**

रैती नं.२०४ गया प्रसाद साह हलुवाई नाममा दर्ता रहेका साविक प्रगन्ना रायझमुना मौजे काचन लालपुरको सा.कि.नं. १५१२ को ज.वि.१-१८-१३ जग्गामध्ये ०-१४-० जग्गा र.नं.१६५२ को मिति २०३०/०२/२८ गतेको पारित लिखतबाट जिल्ला सप्तरी प्रगन्ना रायझमुना मौजे काचन लालपुर अन्तरगत बोरियाही वार्ड नं.७ धनि वर्ष २८ को राजलाल यादवले राजिनामा पारित गराई लिएको जग्गा हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स.काचन बडा नं.७ हाल बोदेबर्साइन नगरपालिका बडा नं.८ बस्ने राजलाल यादवको छोरा सिंहेश्वर यादवले यस कार्यालयमा द.नं.२४४६३ मिति २०८१/३/१० गतेमा माग निवेदन परी हकदावी सम्वन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०३/३० मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्वन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ भने सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानून बमोजिम कार्वाही भै जानेछ । यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराईन्छ

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वडा नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १५१२ | गया प्रसाद साह हलुवाई | काचन | ६क | ९३ | १-१५-९.५० मध्ये पुर्वतर्फवाट कि.नं.३९८ को ०-१३-० जग्गा मोही – सोतीलाल यादव पं.काचन वार्ड नं.७ | फिल्डवुकमा यो जग्गा जि.दरभङ्गा बस्ने गया प्रसाद साह हलुवाईको जग्गा हो बटैयामा जोतेको हो भनी किसानको व्यहोरा उल्लेख रहेको | |

२०८१/०३/३०

# विश्व समाचार

## राष्ट्रपति पदका लागि पार्टीबाट पर्याप्त समर्थन छ : उपराष्ट्रपति ह्यारिस

वासिङ्टन डिसी, ८ साउन (रासस/सिन्ह्वा) ।

अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले आसन्न राष्ट्रपति चुनावका लागि डेमोक्र्याटिक पार्टीबाट उम्मेद्वार बन्न पर्याप्त समर्थन रहेको बताउनुभएको छ । "आफ्नो पार्टीबाट उम्मेद्वार बन्न आवश्यक समर्थन पाउँदा गौरवान्वित महसुस गरेको छु । म चाँडै औपचारिक रूपमा मनोनयन स्वीकार गर्नेछु", ह्यारिसले एक विज्ञप्तीमार्फत बताउनुभयो ।

डेमोक्र्याटिक पार्टीको बढ्दो दबाबका कारण अमेरिकी राष्ट्रपति जो बाइडेनले आइतबार सन् २०२४ राष्ट्रपतिय चुनावी दौडबाट बाहिरिएको घोषणा गर्नुभएको हो । उहाँले पनि डेमोक्र्याटिक पार्टीबाट राष्ट्रपति उम्मेद्वारका रूपमा ह्यारिसलाई आफ्नो पूर्ण समर्थन रहेको बताउनुभएको छ । ह्यारिसले पूर्व सभामुख न्यान्सी पेलोसीसहित धेरै प्रमुख डेमोक्र्याटिक व्यक्तित्वको समर्थन प्राप्त गरेको जनाईएको छ ।

## बङ्लादेशको विभिन्न सरकारी निकायको वेबसाइट ह्याक

ढाका, ७ साउन (रासस/एएनआई) ।

बङ्गलादेशमा चर्किरहेको आरक्षण विरोधी आन्दोलका बीच बङ्लादेशको प्रधानमन्त्री कार्यालय, केन्द्रीय बैंक र प्रहरीको आधिकारिक वेबसाइटहरू द रेजिष्टेन्स' नामक समूहद्वारा ह्याक गरिएको छ । ह्याक गरिएका तिनवटै वेबसाइटहरूमा, "अपरेसन हन्टडाउन, विद्यार्थीहरूको हत्या रोकौं । अब यो विरोध मात्र नभई एक युद्ध हो" भनी रातो अक्षरमा समान सन्देश जारी गरिएको छ ।

सन्देशमा विद्यार्थीको शान्तिपूर्ण विरोध प्रदर्शनलाई सरकारलगायत राजनीतिक सहयोगीको क्रूर हिंसा र हत्याको सामना गर्नु परेको उल्लेख गर्दै अब यो विरोध मात्र नभई न्याय, स्वतन्त्रता र भविष्यका लागि युद्ध भएको जनाइएको छ । समूहले तत्काल ह्याकर, 'ओएसआइएनटी' अन्वेषक र पत्रकारलाई आफ्नो उद्देश्यमा सहभागी हुन आह्वानसमेत गरेका छन् ।

"न्यायका लागि लडाइँ सुरु भइसकेको छ, तयार रहनुहोस्", ह्याकरहरुले चेतावनी दिएका छन् । उनीहरूको बारेमा विवरण उल्लेख नगरी पाँच जना पुरुष र दुई वटा कुकुरसहितको तस्बिर वेबसाइटमा प्रस्तुत गरिएको छ । बङ्गलादेशमा सन् १९७१ मा स्वतन्त्रताको लडाइँ लडेकाहरुको सन्तानका लागि प्रदान गरिएको ३० प्रतिशत आरक्षण कोटा प्रणालीको सुधारको माग गर्दै विद्यार्थीहरू लामो समयदेखि आन्दोलनमा रहेका थिए ।

## इथियोपियामा पहिरोमा परी एक सय ४६ को मृत्यु

इथोपिया, ८ साउन (रासस/एएफपी) ।

दक्षिणी इथियोपियामा पहिरोमा परी ज्यान गुमाउनेको सङ्ख्या १४६ पुगेको मङ्गलबार स्थानीय अधिकारीले बताएका छन् ।

अधिकारीले मृतकको सङ्ख्या अझै बढ्न सक्ने जानकारी दिएका छन् । अधिकारीका अनुसार दक्षिण इथियोपियाको पहाडी क्षेत्रमा भएको भारी वर्षाले सोमबारको पहिरो निम्त्याएको हो ।

"इथियोपियाको गोफा क्षेत्रको गेजे-गोफा जिल्लामा गएको पहिरोमा परी मृत्यु हुनेको सङख्या १४६ पुगेको छ", गोफा क्षेत्र सञ्चार मामिला विभागले स्थानीय अधिकारी हाब्तामु फेटेनालाई उद्धृत गर्दै जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

पहिरोमा परी ज्यान गुमाएका ९६ जना पुरुष र ५० जना महिलाको शव फेला परेको जानकारी दिँदै खोजी तथा उद्धारकार्य जारी रहेको हाब्तामुले बताउनुभयो ।

सरकारी सञ्चार माध्यम 'फाना ब्रोडकास्टिङ कर्पोरेट' ले सार्वजनिक गरेका तस्बिरहरूमा सयौं मानिसहरू प्रभावित भएको पहिरोको विनाशकारी दृश्य प्रसारण गरिएको छ । दक्षिण इथियोपियामा अप्रिल र मे महिनामा भएको मौसमी वर्षाले निम्त्याएको बाढीपहिरोले कयौं मानिसहरुलाई विस्थापित गरेको संयुक्त राष्ट्रसङ्घको मानवीय मामिला समन्वय कार्यालय ओसिएएचएले जनाएको छ ।

## बेलायतमा महिला विरुद्धको हिंसा 'राष्ट्रिय आपतकाल'

लण्डन, ८ साउन (रासस/एएफपी) ।

इङ्गल्यान्ड र वेल्समा दैनिक लगभग तीन हजार महिला हिंसाका अपराधहरू दर्ता भएसँगै यो एक "राष्ट्रिय आपतकाल" भएको मङ्गलबार प्रकाशित गरेको नयाँ प्रतिवेदनमार्फत प्रहरीले जनाएको छ । दुई कानुन प्रवर्तन निकायद्वारा गरिएको अध्ययनले प्रत्येक वर्ष १२ जना महिलामध्ये कम्तिमा एक जना महिला हिंसाको सिकार हुने अनुमान गरेको छ ।

"महिला र बालिका विरुद्धको हिंसा राष्ट्रिय आपतकाल हो", वरिष्ठ प्रहरी प्रमुख म्यागी ब्लिथले प्रतिवेदनसँगको टिप्पणीमा भन्नुभयो । सन् २०२२ देखि २०२३ सम्ममा महिला र बालिका विरुद्ध दश लाखभन्दा बढी हिंसात्मक अपराध प्रहरीमा दर्ता भएको अध्ययनले जनाएको छ ।

प्रतिवेदनले सन् २०१८-२०१९ देखि गत वर्षसम्म महिला र बालिका विरुद्धको हिंसामा ३७ प्रतिशतले वृद्धि भएको जनाएको छ ।

सन् २०१३ देखि सन् २०२२ को बीचमा बाल यौन दुर्व्यवहार र शोषणका अपराधहरू ४३५ प्रतिशतले बढेको प्रतिवेदनले जनाएको छ ।

प्रतिवेदनले ८५ प्रतिशत हिंसा र उत्पीडन अनलाइनसँग सम्बन्धित रहेको बताएको छ । बेलायतको आन्तरिक मामिला मन्त्रालयले गत वर्ष फेब्रअरीमा महिला र बालिका विरुद्धको हिंसालाई सार्वजनिक सुरक्षाका लागि राष्ट्रिय खतरा घोषणा गरेको थियो ।

गत वर्ष चार हजार ५०० भन्दा बढी नयाँ अधिकारीलाई बलात्कार र गम्भीर यौन अपराधहरूको अनुसन्धान गर्न प्रशिक्षण दिइएको थियो । सन् २०२२ डिसेम्बरको अन्त्यदेखि २०२३ डिसेम्बरको अन्त्यसम्म वयस्क बलात्कारको आरोपमा ३८ प्रतिशतले वृद्धि भएको प्रतिवेदनले जनाएको छ ।

# भारतले नेपाललाई ७ अर्ब अनुदान दिने

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ साउन ।**

छिमेकी देश भारतले नेपाललाई आफ्नो बजेटबाट दिने अनुदान बढाएको छ । वित्तमन्त्री निर्मला सीतारमणले सार्वजनिक गरेको युनियन बजेटमा नेपाललाई गत वर्षभन्दा ५० करोड बढी अर्थात् ७ अर्ब भारु अनुदान छुट्याएकी हुन् ।

आर्थिक वर्ष २०२४र२५ मा नेपालले भारतबाट ७ अर्ब भारु अनुदानमा पाउनेछ । गत वर्ष भारतले साढे ६ अर्ब भारु अनुदान छुट्याएको थियो ।

यस वर्ष भारतले छिमेकीसहित विभिन्न देशलाई अनुदान छुट्याएको छ । यस अनुसार भुटानलाई २० अर्ब ६८ करोड, अफगानिस्तानलाई २ अर्ब, बंगलादेशलाई १ अर्ब २० करोड, नेपाललाई ७ अर्ब, श्रीलंकालाई २ अर्ब ४५ करोड, माल्दिभ्सलाई ४ अर्ब, म्यान्मारलाई साढे २ अर्ब, मंगोलियालाई ५ करोड, अफ्रिकी देशलाई २ अर्ब, युरेसियन देशर्लाइ २० करोड, ल्याटिन अमेरिकी देशलाई ३० करोड, अन्य विकासोन्मुख देशलाई १ अर्ब २५ करोड विनियोजन गरेको छ ।

***जयमाला मृत्यु ...***

वित्दा पनि प्रहरीले अपराधी पत्ता लगाउन नसकेकोमा आक्रोश पोख्दै अब धर्ना, प्रर्दशन र अनशनमा वस्ने तयारीमा लागेको बताए ।

यता प्रहरीले सो दुर्घट्नाबारे आफन्तले तत्कालै जानकारी नगराएको बताउँदै अनुसन्धान भने जारी रहेको जनाएको छ । घाईतेलाई अस्पताल पुऱ्याएको २ दिन पछि मात्र अस्पतालबाट आफन्तले सो घट्नाबारे जानकारी गराएको इलाका प्रहरी कार्यालय कंचनपुरका एक प्रहरी अधिकारीले बताए । यद्धपी ढिलो गरी जानकारी आएपनि प्रहरीले आफ्नो श्रोत साधन परिचालन गरी घट्नाबारे अनुसन्धान गरीरहेको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

# मनसुनयता बाढीपहिरोमा परी १ सय ३३ को मृत्यु

काठमाडौं, ८ साउन (रासस) ।

मनसुनी वर्षाका कारण आएको बाढीपहिरालगायत विपद्मा परेर गत जेठ २८ गते यता एक सय ३३ जनाको मृत्यु भएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार सो अवधिमा १४५ जना घाइते भएका छन् भने सिमलताल घटनाबाहेक सात जना बेपत्ता रहेका छन् ।

प्रहरी प्रवक्ता, प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले काठमाडौं उपत्यकामा दुई, कोशी प्रदेशमा २२, मधेस प्रदेशमा छ, बागमती प्रदेशमा २५, गण्डकी प्रदेशमा ३८, लुम्बिनी प्रदेशमा २३, कर्णाली प्रदेशमा सात र सुदूरपश्चिम प्रदेशमा १० जनाको मृत्यु भएको बताउनुभयो ।

उहाँका अनुसार काठमाडौं उपत्यकामा नौ, कोशी प्रदेशमा ३४, मधेस प्रदेशमा नौ, बागमती प्रदेशमा सात, गण्डकी प्रदेशमा २९, लुम्बिनी प्रदेशमा नौ, कर्णाली प्रदेशमा ३४ र सुदूरपश्चिम प्रदेशमा १४ गरी एक सय ४५ जना घाइते भएका छन् ।

काठमाडौं उपत्यकामा एक, कोशी प्रदेशमा ४९, गण्डकी प्रदेशमा १२ र सुदूरपश्चिम प्रदेशमा पाँच गरी ६७ जनाको उद्धार गरिएको छ । बाढीपहिरामा परी सात जना बेपत्ता रहेको जनाइएको छ । उक्त अवधिमा विपद्का घटनाबाट चार हजार १८ परिवार विस्थापित भएका छन् ।

# पूर्वमुख्यमन्त्रीद्वारा सचिवलाई धम्क्याएको आरोप

**दैनिक समाचारदाता**
**बिराटनगर, ८ साउन ।**

कोशी प्रदेशका पूर्वमुख्यमन्त्री तथा कांग्रेस सांसद केदार कार्कीमाथि कर्मचारीलाई धम्क्याएको आरोप लागेको छ ।

कोशी प्रदेशको सामाजिक विकास मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराईले आफूलाई पूर्वमुख्यमन्त्री कार्कीले फोनमार्फत कुटिपिट गरेर शौचालयमा थुन्ने धम्की दिएको आरोप लगाएका छन् ।

सोमबार मोरङका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईलाई एक निवेदन दिँदै उनले जीउ धनको रक्षा र शान्ति सुरक्षाको माग गरेका छन् भने दोषीमाथि कारवाही गर्न आग्रह गरेका छन् ।

सोमबार अपरान्ह ४:५३ बजे विरोट गोल्ड कपको विषयलाई लिएर तथानाम गालीगलौज गरेको उनको निवेदनमा उल्लेख छ । 'मात्रिका यादवले सचिवलाई कुटेर शौचालयमा थनेको याद होला, म पनि तलाई मन्त्रालयमा आएर कुट्छु, शौचालयमा थुन्छु' भन्दै गालीगलौज गरेको सचिव भट्टराईको दाबी छ ।

उनले कल डिटेलका आधारमा अनुसन्धान गरी कार्कीलाई कारवाही गर्न माग गरेका छन् । भट्टराईले सो निवेदनको बोधार्थ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशीमा पनि दिएका छन् ।


**राजविराजको मेन रोडमा सटर भाडामा चाहिए सम्पर्क गर्नुहोस**

राजविराजको मुख्य बजार मेनरोडमा पसल, व्यवसाय, बैंक तथा वित्तिय संस्था र विमा कम्पनीका लागि कोठा भाडामा चाहिए सम्पर्क गर्नुहोस् ।
**सम्पर्क नं. : ९८४२८२१०८२, ९८१९७२५०८२**
राजविराज नगरपालिका वडा नं. ४, मेनरोड





**जल तथा मौसम विज्ञान विभागले तापक्रम बढेसँगै तराईका जिल्लाहरूमा तातोहावा लु चल्न सक्ने सम्भावना रहेको र यसले स्वास्थ्यमा असर पार्न सक्ने भएकाले सचेत रही सुरक्षाका उपायहरु अपनाउन अनुरोध गर्दछौं ।**

**तातोहावा लु बारे बुझौं र बच्न सुरक्षाका उपायहरू अपनाऔं ।**

**तातो हावा तथा लु लाग्दाका असरहरू**
- हृदयको गति तीव्र हुने
- श्वासप्रश्वास र रक्तचाप कम हुने
- शरीरबाट पसिना ननिस्किने
- टाउको अत्यधिक दुख्ने
- चक्कर लाग्ने, अचेत हुने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- छाला सुक्खा, रातो र तातो हुने

गर्मीमा स्वास्थ्यको विशेष हेरचाह गरौं। उल्लेखित असरहरू देखिएमा बिरामीलाई तुरुन्त नजिकैको अस्पताल लैजाऔं।



**अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी**



**डेंगीबाट बचौं र बचाऔं**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरू आउनु।
- वाकवाकी लाग्नु वा बान्ता हुनु।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**जनहितमा जारी सन्देश**

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- बालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

**अनुरोधकर्ता : सुरुङ्गा नगरपालिका, सप्तरी**



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*